# मल्टीपर्पस र फोनपेबीच सम्झौता

**काठमाडौं ।** मल्टीपर्पस फाइनान्स र फोनपे नेटवर्कबीच क्रसबोर्डर व्यावसायिक सेवामा सम्झौता भएको छ । सम्झौतामा फाइनान्सका नायब महाप्रबन्धक प्रदीपकुमार सिंह र फोनपेका प्रदेश प्रमुख पशुपति मिश्रले हस्ताक्षर गर्नुभएको छ । नयाँ सेवाअन्तर्गत पहिलो चरणमा वित्तीय संस्थामार्फत् क्युआर भुक्तानी सेवा लिएका सेवाग्राहीले व्यवसायमा कारोबार गर्दा हाललाई भारतीय युपिआईअन्तर्गतका बिएचआइए तथा फोनपे एपमार्फत् नेपालस्थित मल्टीपर्पस फाइनान्सका फोनपे क्युआरमा प्रयोग गर्न सकिने कम्पनीका नायब महाप्रबन्धक प्रदीपकुमार सिंहले बताउनुभएको छ । फाइनान्स कम्पनीहरूमा आफ्ना सेवाग्राहीलाई यस्तो सेवा प्रदान गर्ने मल्टीपर्पस फाइनान्स पहिलो बनेको पनि उहाँले बताउनुभएको छ ।



# हेटौंडामा प्रदेश स्तरीय महिला उद्यमी सम्मेलन सुरु

**मञ्जु मैनाली/हिटा**
हेटौंडा, १८ चैत

बागमती प्रदेशको राजधानी हेटौंडामा प्रदेश स्तरीय महिला उद्यमी सम्मेलन सुरु भएको छ । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश समितिको संयोजन तथा बागमती प्रदेश महिला उद्यमी विकास समिति, उद्योग वाणिज्य भूमी तथा प्रशासन मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित निर्देशनालय हेटौंडाको आयोजनामा दुइ दिने महिला उद्यमी सम्मेलन सुरु भएको हो ।

आइतबार नेपाल वाणिज्य महासंघ बागमती प्रदेश सचिव राजेन्द्र केसीको सभाध्यक्षता तथा बागमती प्रदेश सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा सम्मेलन उद्घाटन गरिएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि मोक्तानले महिला उद्यमशीलताको सन्दर्भमा विगत लामो समयदेखि सरकारले लगानी गरेको स्मरण गर्दै स्थानीय, प्रदेश तथा संघीय सरकारले महिला शसक्तीकरणको क्षेत्रमा गरेको लगानी प्रतिफलयुक्त भए नभएको बारे समीक्षा गर्न जरुरी रहेको बताउनुभयो । महिलालाई उद्यमी बन्नका लागि पैतृक सम्पत्ति र आर्थिक स्रोत नहुने हुँदा समस्या हुने गरेको बताउँदै मन्त्री मुक्तानले अत्याधिक संघर्षका बाबजुद हार्न भने छुट नभएको बताउनुभयो ।

सरकारले दिएको अनुदानलाई व्यवस्थापन गर्न हैरानी छ भन्ने महिला उद्यमीको गुनासोलाई समाधान गर्न अभिमुखीकरण आवश्यक रहेको मन्त्री मोक्तानको भनाइ थियो । हालसम्म महिलाले चलाएको कुनै पनि कार्य वैइमानीको नभएको भन्दै मन्त्री मुक्तानले कुनै पनि महिला अख्तियार धाउनुपरेको नसुनिएको बताउनुभयो । सम्मेलनमा १३ वटै जिल्लाका २८ उद्योग बाणिज्य संघका उद्यमी महिलाहरूको हातले बनाएका विभिन्न सामाग्री प्रदर्शनमा राखिएको थियो ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका नगर प्रमुख मिनाकुमारी लामा, महिला उद्यमी समिति बागमती प्रदेश कार्यकारी सदस्य गीता अमात्य, नेकपा एकीकृत समाजवादीकी केन्द्रीय सदस्य मुनु सिग्देल सम्मेलनको कार्यक्रम संयोजक मेनुका श्रेष्ठ लगायतको आतिथ्यता रहेको थियो ।

# ग्लोबल बैंकद्वारा वित्तीय साक्षरता




**काठमाडौं ।** ग्लोबल आइएमई बैंकले ग्लोबल मनि विक २०२४ का अवसरमा सप्ताहव्यापीरूपमा सातवटै प्रदेशमा विद्यार्थी लक्षित वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ । बैंकले प्रदेश कार्यालयहरूको संयोजनमा सातवटै प्रदेशमा युवा तथा विद्यार्थीलक्षित वित्तीय साक्षरतासम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको हो । कार्यक्रममा बचत, कर्जा, रेमिट्यान्स, डिजिटल बैंकिङ, बिमा, लगानी, अतिरिक्त बैंकिङ सेवा, वित्तीय ठगी र वित्तीय अनुशासनसम्बन्धी विषयवस्तुबारेमा जानकारी दिइएको थियो । बैंकका अनुसार हालसम्म सम्पन्न विभिन्न कार्यक्रममा १४ हजारभन्दा बढी कृषक, लघु, साना तथा मझौला उद्यमी, मजदुर, वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्ति, विद्यार्थी, महिला, विप्रेषण प्रापक तथा स्थानीय युवा-युवतीको सहभागिता रहेको थियो ।

साथै बैंकले आफ्ना ३५४ वटै शाखामार्फत् वित्तीय साक्षरता तथा डिजिटल बैंकिङ प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

**महिनावारीको समयमा ध्यान दिऔं**

- नियमित रुपमा नुहाउने, लगाएको कपडा फेर्ने र साबुन पानीले बेला-बेलामा हात धुने गरौं,
- स्यानिटरी प्याड वा सफा र नरम खालको सुती अथवा कटनको कपडाको प्रयोग गरौं,
- कम्तीमा ४ देखि ६ घण्टाको फरकमा स्यानिटरी प्याड वा प्रयोग गरेको कपडा फेरौं,
- प्रयोग गरेका कपडाहरु धोएर पछि घाममा राम्रोसँग सुकाएर मात्र पुनः प्रयोग गरौं,
- सामान्य शारिरीक व्यायाम गरौं,
- गेडागुडी, माछा, मासु, मौसम अनुसारको फलफूल तथा हरियो सागसब्जी र प्रशस्तमात्रामा पानीलँगायत झोलिलो खानेकुरा खाऔं,

**सरसफाईमा विशेष ध्यान दिऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**यूएईमा वैदेशिक रोजगारको अवसर**

**कम्पनी: PROTEK GENERAL MAINT. CONT** **शहर: UAE**

पूर्व स्वीकृत मिति: २०८०/१२/१६ चलानी नं.: ६०२१७६२६ LT. No.:302773

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 50 | 0 | स. काममा दक्ष | 900 | ३२,६३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत २६ गते (8 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**भिक्टोरी नेपाल प्रा. लि.**
सिनामंगल १० पञ्चकुमारी मन्दिर कालीमाटीडोल, काठमाडौं
फोन नं: ०१४५९०२९६, मोबाईल नं.:९८५११४०६५३
श्रम इजाजत नं. ९११/०६७/०६८

## राजापुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**(स्वास्थ्य तथा सामाजिक विकास शाखा)**
**राजापुर, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

### आशयपत्र सम्बन्धी सूचना

**प्रकाशित मिति २०८०/१२/१९**

प्रस्तुत बिषयमा यस कार्यालयबाट २०८०/११/२३ गतेको हिमालय टाईम्स दैनिक पत्रिकामा प्रकाशित नि:शुल्क औषधी तथा सर्जिकल्स सामाग्रीहरु खरिद कार्य ठे.नं. १९/RM/SQ/GOODS/०८०/०८१ (सिलबन्दी दरभाउपत्र नं.१९/RM/SQ/GOODS/०८०/०८१) का लागि बोलपत्र आब्हानको सूचना बमोजिम तहा फर्मका तर्फबाट दर्ताहुन आएको बोलपत्र देहाय बमोजिम न्यूनतम मुल्याङकित सारभुत रुपमा प्रभावग्राही रही स्विकृतिका लागि छनौट हुन गएकोले यस कार्यालयको मिति २०८०/१२/१४ गतेका निर्णयानुसार स्विकृत गरिएको छ । साथै आफ्नो फर्मका नाउमा स्विकृत गरिएको दरभाउपत्रका सम्बन्धमा १२० दिनको अवधि रहने गरी देहाय बमोजिम कार्यसम्पादन जमानत सहित आजका मितिले ७ (सात) दिन भित्र सम्झौताका लागि यस कार्यालयमा सम्पर्क राख्न आउन हुन समेत अनुरोध गरिन्छ ।

| क्र.सं. | दरभाउपत्रदाताको नाम र ठेगाना | स्विकृत आइटमको बिबरण | जम्मा कबुल अंक | कार्यसम्पादन जमानत धरौटी रकम रु. |
|---|---|---|---|---|
| १ | श्री युनिग्लोब ड्रग सप्लायर्स, धनगढी-०१ कैलाली पुल । | दरभाउपत्रका सबै (साठी) आइटमहरु । | ८६५,९१५/- (भ्याट समेत) | ३९०,०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ**
१. सिर्जना मेडिसिन सप्लायर्स नेपालगञ्ज, बाँके ।
२. भिमदेवी मेडिसिन सप्लायर्स प्रा.लि.काठमाडौ ।
३. क्यान्डेला मेडि कन्सर्न कलंकी , काठमाडौं ।
४. डालिमा मेडिसेल्स, बबरमहल, काठमाण्डौ ।
५. छुनछुन फार्मेसी रामघात पोखरा, कास्की ।
६ सुमित मेडिको फर्मा नेपालगञ्ज, बाँके ।
७. बस्नेत एण्ड फ्यामली प्रा.लि.मनोहरा ७ ।

## आदर्श गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**मौवानगरदह, डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्रको आशय पत्र सम्बन्धि सूचना

**प्रकाशित मिति २०८०/१२/१९**

यस **आदर्श गाउँपालिका,** गाउँ कार्यपालिका कार्यालयको आ.व. २०८०/०८१ अन्तर्गत तपसिल बमोजिमका निर्माण कार्यका लागि मिति २०८०/१०/२६ को राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्यूनतम अंकमा मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतीका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का न. | कामको विवरण | फर्म/कम्पनि | कबोल रकम |
|---|---|---|---|
| ARM/NCB/WORKS/080-81/01 | Construction of Mahadevsthan Health Post, Aadarsha 04, Doti | श्री बेताल भगवती निर्माण सेवा, केदारस्यू ०१ बझांङ्ग | रु.६,४८७,५५७/२० मु.अ.क.बाहेक |
| ARM/NCB/WORKS/080-81/02 | Construction of Girichauka, Khateda, Babina, Kanda, Silla Gaun Solar lift DWS Project, Aadarsha 06, Doti | श्री सोलार होम्स नेपाल प्रा.लि. काठमाण्डौं | रु.७,३११,८१२/०० मु.अ.क.बाहेक |
| ARM/NCB/WORKS/080-81/03 | Construction of Road Structures at Ward No. 7 of ARM, Doti | श्री के.पि. कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट सर्भिस प्रा.लि. गन्यापधुरा ३, डडेल्धुरा | रु.२,५४२,८७५/०० मु.अ.क.बाहेक |

**षडानन्द ओझा**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

### कुमारी बैंक लिमिटेड शाखा कार्यालय ठिमी, भक्तपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१२/१९ गते हिमालय टाइम्स)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय ठिमी, भक्तपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८१ वैशाख ०४ गते मंगलबार**का दिन शाखा कार्यालय ठिमी, भक्तपुरमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

| ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालय, वाणिज्य आपुर्ती तथा उपभोक्ता संरक्षण विभाग, प्राइभेट फर्म रजिष्ट्रेसन कार्यालयमा मिति २०७६/०५/१० मा प्रा.फ.र.नं. १५०२७८/०७६/७७ कायम भई दर्ता रहेको भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ०९ स्थित रजिष्टर्ड कार्यालय रहेको **चुनदेवी लिला ज्वेलर्स ।**<br>**प्रोप्राईटरको विवरण**<br>**गोविन्द खड्का**<br>ना.प्र.नं.- २२-२२१०१८-१२७,<br>जारी मिति - २०६७/०९/२७,, जि.प्र.का. दोलखा<br>बाबु - टहल बहादुर खडका<br>बाजे - महेन्द्र सिंह खड्का<br>स्थायी ठेगाना- दोलखा जिल्ला, लापिलाङग न.पा., वडा नं.०३<br>हालको ठेगाना- भक्तपुर जिल्ला भक्तपुर न.पा वडा नं.९ | १. **सृजना रिजाल**को नाममा मालपोत कार्यालय, दोलखामा दर्ता कायम रहेको दोलखा जिल्ला, चरिकोट गा.वि.स./न.पा वडा नं. १ स्थित कित्ता नं. ७९१८ को क्षे.फ. ७५९ (व.मी) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **पदम बहादुर खड्का**<br>ना.प्र.नं.- ४४९१०.<br>जारी मिति - २०६२/११/२४., जि.प्र.का. दोलखा<br>बाबु - टहल बहादुर खडका<br>बाजे - महेन्द्र सिंह खड्का<br>स्थायी ठेगाना- दोलखा जिल्ला, लापिलाङग न.पा., वडा नं.०३<br>हालको ठेगाना- दोलखा जिल्ला, लापिलाङग न.पा., वडा नं.०३ | २. **सृजना रिजाल**<br>ना.प्र.नं.- २२-२२१०१४/२७१.<br>जारी मिति - २०६६/१२/१८., जि.प्र.का. दोलखा<br>बाबु - गोबिन्द बहादुर विश्वकर्मा<br>बाजे - धन बहादुर विश्वकर्मा<br>स्थायी ठेगाना- दोलखा जिल्ला, भीमेश्वर न.पा., वडा नं.०१<br>हालको ठेगाना- भक्तपुर जिल्ला, भक्तपुर न.पा., वडा नं.०९ |

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८१ वैशाख ०३ गते** भित्र बैंकको शाखा कार्यालय ठिमी, भक्तपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय ठिमी, भक्तपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८१ वैशाख ०४ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय ठिमी, भक्तपुरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्ते पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्ते पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय ठिमी, भक्तपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०.धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११.गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२.प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३.धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८१ वैशाख ०४ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय ठिमी, भक्तपुर फोन नं. ०१-६६३५२०२/६६३४८३२**

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : मेधिनी प्रिन्टिङ एण्ड डिष्ट्रिब्यूटर्स प्रा. लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल